## सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## सूचना सार्वजनिक गर्ने निकायको नामः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार

## सूचना सार्वजनिक गरेको अवधिः २०७७ माघ, फाल्गुन र चैत्र

### क) निकायको स्वरूप र प्रकृतिः

### १.पृष्ठभूमिः

नेपालको कृषि विकास सम्बन्धी कार्यक्रम संचालनको थालनी संस्थागत रूपमा विक्रम सम्वत् १९७८ मा चारखालमा स्थापित कृषि अड्डाबाट शुरू भएको हो । १९८२ सालमा सिंहदरबार परिसरमा कृषि प्रदर्शन फार्म खुल्यो । यसपछि कृषिको समग्र विकास गर्ने उद्देश्यले वि.सं. १९९४ मा कृषि परिषद्को गठन भयो । परिषद्बाट कृषि विकासको लागि कृषि फार्महरू खोल्ने, सर्भेक्षण कार्यहरू गर्ने जस्ता कार्यहरू भए । विक्रम सम्वत् १९९८ सालमा त्रिपुरेश्वरमा भेटेरीनरी हस्पिटलको स्थापना भयो । त्यसै सालमा नहर शाखाको समेत स्थापना भयो । वि.सं.२००० मा मकवानपुरको चितलाङ्ग र नुवाकोटको ककनीमा भेडा फार्महरू खुले । वि.सं. २००४ मा परवानीपुर सेन्ट्रल एक्सपेरिमेन्टल एण्ड रिसर्च फार्म खडा गरी कृषि अनुसन्धानलाई जोड दिन थालियो । वि.सं.२००७ को परिवर्तनपछि कृषि परिषद्बाट भएका विभिन्न कार्यहरूको लेखाजोखा भयो । त्यसैको आधारमा वि.सं.२००८ मा कृषि परिषद्लाई विघटन गरी त्यसबेलाको सबैभन्दा माथिल्लो निकायको रूपमा रहने गरी कृषि विभाग खडा भयो । तत्कालिन कृषि परिषद्को सेक्रेटरीलाई नै कृषि विभागको डाईरेक्टरमा नियुक्ति गरियो । वि.सं. २०१० मा कृषि विभागमा एग्रोनोमी, हर्टिकल्चर, लाईभस्टक एण्ड डेरी, एगृ ईन्जिनियरिङ्ग र फिसरिज (भेटरेनरी बाहेक) गरी ५ सेक्सनहरू खडा भए । ती सेक्सनका मातहतमा कृषि विकासका विभिन्न कार्यक्रमहरू संचालन हुन थाले । विक्रम सम्वत् २०१० सालमा सहकारी विभाग खडा भयो । यही सालमा कृषि स्कूलको स्थापना पनि भयो । विक्रम सम्वत् २०१२ सालमा नहर शाखालाई नहर विभागको रूपमा विस्तार गरियो । विक्रम सम्वत् २०१७ सालमा श्री रानी जगदम्बा कुमारीद्वारा श्री जगदम्बा कलेज अफ एगृकल्चर एण्ड रिसर्च ईन्ष्टिच्यूटका लागि पहिले स्थानीय विकास मन्त्रालय रहेको पुल्चोकस्थित श्रीमहल भन्ने नीजि महल कृषि विकासको भौतिक संरचनाको रूपमा प्राप्त भयो । विक्रम सम्वत् २००४ सालमा स्थापित परवानीपुर कृषि फार्मलाई बहुमुखी कृषि स्टेशनको रूपमा परिवर्तन गरियो । वि.सं.२०१९ सालमा कीर्तिपुर बागवानी केन्द्र र गोदावरी मत्स्य विकास केन्द्रको स्थापना भयो ।

वि.सं.२०३० सालमा सिंचाईसम्बन्धी कार्यक्षेत्र पनि कृषि मन्त्रालय अन्तर्गत समावेश गराई मन्त्रालयको नाम खाद्य, कृषि तथा सिंचाई मन्त्रालय राखियो । आ.व.२०३७/३८ मा मन्त्रालयको कार्यभारमा पुनर्गठन भई यस मन्त्रालय अन्तर्गत संचालन हुंदै आएको सिंचाई र खाद्य व्यवस्थाको जिम्मेवारी क्रमशः जलश्रोत मन्त्रालय र आपूर्ति मन्त्रालयलाई गएपछि मन्त्रालयको नाम कृषि मन्त्रालय रहन गयो । आ.व.२०४७/४८ देखि सहकारी आन्दोलन प्रभावकारी रूपमा अगाडि बढाउन साझा विकास विभागसम्बन्धी कार्यक्रमलाई कृषि मन्त्रालय अन्तर्गत समावेश गराए पश्चात् आ.व.२०५५/५६ देखि यस मन्त्रालयको नाम कृषि तथा सहकारी मन्त्रालय भएको थियो भने नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६९ जेष्ठ ५ गतेको निर्णयानुसार यस मन्त्रालयबाट सहकारी विभाग अलग भइसकेपछि यस मन्त्रालयको नाम कृषि विकास मन्त्रालय भएको हो ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।९।९ को निर्णयबाट कृषि विकास मन्त्रालयबाट पशुपन्छी विकास क्षेत्रको विकासको लागि भनी छुटै कृषि विकास मन्त्रालय र पशुपन्छी विकास मन्त्रालय गठन भएको थियो ।

नेपालको संविधानको धारा ८२ को उपधारा (१) को अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत "नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४" को नियम ३, अनुसूची-१ मा उल्लेख भए बमोजिम नेपाल सरकारको कार्यसम्पादनको लागि साविकमा रहेका ४ वटा मन्त्रालयहरु (कृषि विकास मन्त्रालय, भूमीसुधार तथा व्यवस्था मन्त्रालय, सहकारी तथा गरिवी निवारण मन्त्रालय र पशुपन्छी विकास मन्त्रालय) लाई एकिकृत गरी कृषि, भूमीव्यवस्था तथा सहकारी मन्त्रालय गठन भई सोही अनुसार कार्य विभाजन समेत भएको थियो ।यसै क्रममा मिति २०७५/०४/१० गते पुनः नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को संशोधन गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय गठन भई कृषि तथा पशुपन्छी क्षेत्र सँग सम्वन्धी सम्पूर्ण कार्यको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कार्य गर्दै आएको छ ।

कृषि नेपाली अर्थतन्त्रको प्रमुख क्षेत्र हो । यसले कुल जनसंख्या को करिव ६५ प्रतिशत रोजगारीको अवसर प्रदान गर्दछ र जीडीपी करिब २७ प्रतिशत योगदान छ । त्यसैले, कृषि क्षेत्रको विकास र राष्ट्रिय अर्थतन्त्रको विकासका लागि महत्वपूर्ण छ । कृषि तथा पशुपन्छी विकास क्षेत्रको विकास र समृद्धिको लागि सम्पूर्ण जिम्मेवारी वहन गर्दछ । देशको आवश्यकता र सम्भाव्यता अनुरूप कृषि विकाससम्बन्धी नीति तर्जुमा एवं कार्यान्वयन गर्ने मूल उद्देश्य बोकेको यस मन्त्रालयको लक्ष्य व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवं दीगो आर्थिक वृद्धि हाँसिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुर्याउनु रहेको छ ।

## २. दृष्टिकोणः

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दीगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु यस मन्त्रालयको दीर्घकालीन दृष्टिकोण रहेको छ ।

## ३. ध्येयः

- कृषि उत्पादन एवं उत्पादकत्व बढाउने ।
- व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने ।
- प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वद्र्धन एवं सदुपयोग गर्ने ।

## ४. रणनीतिः

- कृषि उत्पादनको व्यवसायिकरण, विविधिकरण, गुणस्तर प्रवद्र्धन र ग्रामीण पूर्वाधारहरूको विकास र यान्त्रिकरण मार्फत् उत्पादन र उत्पादकत्व बढाई आय आर्जन र रोजगारीका अवसर वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता तर्फ केन्द्रित गर्ने ।
- उन्नत र गुणस्तरीय बीउ विजनको सुरक्षा, विषादीका असरहरूलाई न्यूनिकरण, कृषि तथा पशु बीमाको माध्यमबाट उत्पादन लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता बढाउने ।
- कृषि उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तर मापदण्ड निर्धारण तथा अभिवृद्धि गर्ने।

- कम आयातन तथा उच्च मूल्यका बाली वस्तु उत्पादन गर्न प्रोत्साहित गरी मूल्य अभिवृद्धि हुने प्रशोधनमा आधारित कृषि उद्योगको विकासमा जोड दिने ।
- खाद्य, कृषि तथा मत्स्यजन्य वस्तुहरूको गुणस्तर परीक्षण, प्रशोधन, अनुगमन र नियमनलाई स्थानीय स्तरका जनताको पहुँच हुनेगरी प्रभावकारी बनाउँदै बजारीकरणलाई प्रवद्र्धन गर्ने ।
- कृषिजन्य जैविक विविधताको संरक्षण सम्वद्र्धन तथा सदुपयोग गर्न्दै जलवायु परिवर्तनका असर न्यूनिकरण गर्न अनुसन्धानमा आधारित वातावरण मैत्री कृषि प्रविधिहरूको विकास एवं विस्तार गर्ने ।
- कृषिलाई सम्मानजनक र आकर्षक पेशाको रूपमा विकास गरी युवालाई व्यावसायिक कृषितर्फ आकर्षण गर्न प्रोत्साहित गर्दै कृषि क्षेत्रको विकास, अनुसन्धान, प्रसार र गुणस्तर परीक्षणमा संलग्न निकायहरूको सहकार्यमा प्राविधिक, कृषक/कृषि उद्यमी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- कृषि शिक्षा, अनुसन्धान र प्रसारबीचको त्रिपक्षीय सम्बन्धलाई मजबुत तुल्याई अनुसन्धानबाट विकास भएका प्रविधिहरूको विस्तारमा कृषि क्षेत्रमा कार्यरत् सम्पूर्ण सरकारी तथा गैह्र-सरकारी संस्थाहरूबीच अन्तर निकाय समन्वय र सहकार्य कायम गर्दै कार्यान्वयनलाई नतिजाउन्मुख वनाउने ।
- आधारभूत कृषि सूचना तथा तथ्याङ्क संकलन एवं विश्लेषण प्रणालीलाई समयानुसार आधुनिकीकरण गर्दै तथ्यमा आधारित कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने ।
- प्रत्येक विकास क्षेत्रहरूको विभिन्न भू-परिस्थितिकीय क्षेत्रमा उन्नत प्रविधिहरूको प्रभावकारी अनुसरणको लागि नमूना प्रविधि गाउँ, कृषक पाठशाला र बाह्य अनुसन्धानलाई थप सुदृढिकरण गर्ने ।

**५. रणनीतिक उद्देश्यहरूः**

- कृषि क्षेत्रको व्यवसायीकरण, गुणस्तर परीक्षण, अनुगमन र नियमनको क्षेत्रमा उपयुक्त प्रविधिको उपयोग गर्न सक्ने कृषक, युवा, उद्यमी तथा विज्ञहरूको क्षमता विकास गर्दै लैजाने ।
- सम्भाव्य क्षेत्रहरूमा व्यावसायिक फर्म, साना र सीमान्त कृषकहरूलाई तुलनात्मक लाभका आधारमा उच्च उत्पादन हुन सक्ने तथा कम आयतन भएका उच्च मूल्यका उपजहरू छनौट गरी उत्पादन वृद्धिमा प्रोत्साहन गर्ने ।
- प्रयोगमा नआएका उर्वर भूमिको सही सदुपयोग गरी परम्परागत प्रविधिको प्रवद्र्धन तथा युवा मैत्री आधुनिक प्रविधिको प्रयोगद्वारा व्यावसायिक उत्पादनमा जोड दिईनुका साथै यान्त्रिकरणसम्बन्धी नीति निर्माण गरी कार्यान्वयनमा ल्याउने ।
- सरोकारवाला निकायहरूको समन्वयमा ग्रामीण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गरी लागानीको वातावरण मिलाउने ।
- भूमिगत तथा सतह सिचांई र वर्षाको पानी संकलन तथा सिंचाईका उपयुक्त प्रविधिहरूको प्रयोग गरी वर्षैभरी सिंचाई सुविधा उपलब्ध गराउने ।
- ग्रामीण क्षेत्रमा कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि सडक, विद्युत, संचार, गोदाम घर, शीतघर संकलन केन्द्र, थोक बजार जस्ता अत्यावश्यक भौतिक पूर्वाधार विकास जोड दिँदै कृषि बजार सूचनाको पँहुच बढाउने ।

- खाद्यान्न उत्पादन न्यून हुने तथा खाद्य पोषण असुरक्षित क्षेत्रमा स्थानीय स्तरमै स्थानीय श्रोत-साधन, श्रम र प्रविधिको प्रयोग भई उत्पादन गर्न सकिने कृषि उत्पादन प्रवद्र्धन तथा उपयोगमा जोड दिई सुरक्षित खानपिन र पौष्टिक तत्व श्रोत तथा उपयोग बारे विशेष जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।
- कृषि विकासका कार्यक्रमहरू तर्जुमा गर्दा भू-उपयोग नीतिको आधारमा उपलब्ध जमिनको अधिकतम उपयोग हुने गरी उत्पादन वृद्धिका कार्यक्रमहरू तर्जुमा गर्ने ।
- उत्पादन सामाग्रीहरूको सहज आपूर्तिको व्यवस्था गरी कृषि सहुलियतपूर्ण कृषि ऋण, कृषि उद्योगको उपकरण खरिदमा अनुदान र व्यापारमा कर सुविधा उपलब्ध गराई लागत घटाई प्रतिस्पर्धी वनाउने ।
- Good Agriculture Practice (GAP), GMP/HACCP मापदण्ड तयार गरी कृषि उत्पादनको गुणस्तर निर्धारण गर्ने ।
- Nepal Trade Integration Qmrategy (NTIS), २०१० ले निर्धारण गरेका निर्यातयोग्य बाली/वस्तुहरूको प्रवर्द्धन गर्ने ।
- कीराहरूको सर्भे सर्भिलेन्स र कीराको क्षति तथा जोखिम विश्लेषण (Pest Risk Analysis) गरी केही महत्वपूर्ण बालीको लागि कीरामुक्त क्षेत्र निर्धारणसम्बन्धी इन्भेन्टरी तयार गर्ने ।
- तुलनात्मक लाभका आधारमा उच्च उत्पादन हुनसक्ने सम्भाव्य कृषि उपजहरूको छनौट गरी उत्पादन वृद्धिमा जोड दिई त्यस्ता वस्तुहरूको पेटेन्ट राइट सुरक्षित गरी उत्पादनलाई आयात प्रतिस्थापन र निर्यात प्रवद्र्धन गर्ने गरी प्रतिस्पर्धी बनाउने ।
- अन्तर्राष्ट्रिय बजारमा खपत हुने उच्च मूल्यका वस्तु र बालीहरूको प्राङ्गारिक खेतीलाई प्रोत्साहित गर्न सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान गरी प्राङ्गारिक उत्पादनको ब्रान्ड प्रवद्र्धन गर्दै प्राङ्गारिक क्षेत्रको घोषणा गर्ने । प्राङ्गारिक उत्पादनको प्रमाणीकरणको व्यवस्था मिलाउनुका साथै प्राङ्गारिक कृषि पर्यटनलाई प्रोत्साहन गर्ने ।
- प्राङ्गारिक खेती प्रणालीको लागि चाहिने ज्ञान, सीप तथा प्रविधिहरू स्थानीय स्तरमा पु¥याई यसलाई विस्तार गर्ने । अन्य सम्भाव्य खेतीहरूको (जस्तो चीनमा टाइगर फार्मिङ्ग, थाइल्याडमा डियर फार्मिङ्ग) विविधीकरणको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूबीच सम्बन्ध र समन्वय विस्तार गर्ने।
- कृषिक्षेत्रको उत्पादन वृद्धि गर्नका लागि निजी उद्यमी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार खेती तथा सहकारी खेतीलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने ।
- खाद्य प्रशोधन उद्योगलाई लक्षित गरी गुणस्तर लगायतका प्राविधिक समस्या समाधानका लागि ट्रायल परीक्षण तथा अध्ययन अनुसन्धान कार्यक्रम संचालन गर्न जोड दिने ।
- खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण मत्स्यपालन कार्यक्रमलाई मध्य-पहाडमा विस्तार गरिनुका साथै तराईमा उपलब्ध जलाशय, घोल, पोखरीमा साना भूमिहिन तथा सीमान्तकृत कृषकहरूलाई लक्षित गरी सहकारीको सहभागितामा मत्स्यपालनका कार्यक्रम संचालन गर्ने ।
- ग्रामीण क्षेत्रमा कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि वस्तुहरूको व्यावसायिक उत्पादन थलो नजिक कृषि सडक, बिजुली, संचार, गोदामघर, शीतभण्डार, संकलन केन्द्र, थोक बजार र बाह्य क्षेत्रमा बजार सञ्जाल विकास र विस्तार गरिनेछ साथै स्थानीय स्तरसम्म कृषि बजार सूचनाको पँहुच बढाउने ।

- बाली तथा वस्तुको व्यावसायिक उत्पादन हुने क्षेत्रलाई एकीकृत पकेट क्षेत्र घोषणा गरी कृषि प्रसारका शैक्षिक क्रियाकलापका साथै पूर्वाधार विकासका क्रियाकलापहरू मूल्य अभिवृद्धि श्रृंखलाका आधारमा तर्जुमा गर्ने ।
- खाद्य वस्तुको गुणस्तर परीक्षण, प्रमाणीकरण तथा व्यवसायीकरणमा नयाँ प्रविधि प्रयोगका लागि राष्ट्रिय खाद्य प्रयोगशालाको सुदृढीकरण गरी अन्तर्राष्ट्रिय स्तरको मान्यता प्राप्त प्रयोगशालाको सुदृढीकरण गर्ने ।
- अन्तर्राष्ट्रिय ऐन, नियम, सन्धि, महासन्धिसँग सामञ्जस्यता कायम गरेर कृषि वस्तु एवं सेवा सुविधा नियमनमा समसामयिक परिमार्जन गरी मापदण्ड तथा गुणस्तरमा सुधार ल्याउने ।
- जीवनाशक विषादि, एन्टिबायोटिक, हर्मोनको सही उपयोग गर्न र यसका नकारात्मक असरबाट बच्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- विषादीबाट मानव स्वास्थ्यमा हुने दुरगामी दुस्प्रभावलाई न्यून गर्न रासायनिक विषादीहरूको बिक्री वितरणलाई अनुगमन गर्नका साथै एकीकृत किट व्यवस्थापन प्रबिधि अपनाई विषादीको प्रयोग कम गर्दै लैजाने ।
- जलवायु परिवर्तनबाट नकारात्मक असर अनुकूलन र न्यूनीकरण गर्न आवश्यक अध्ययन अनुसन्धान संचालन गरी असर न्यूनीकरण गर्ने प्रविधि तथा अभ्यासहरूलाई प्रवद्र्धन गर्ने ।
- विश्वव्यापी जलवायु परिवर्तनलाई कृषिमा अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण, सम्वद्र्धन तथा उपयोगमा वृद्धि गर्ने ।
- स्वदेशी ज्ञान र आनुवांशिक/प्राकृतिक श्रोतको संरक्षण र सदुपयोग गर्न उपयुक्त प्रविधि तथा पूर्वाधारको विकास गरिनेछ । जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन प्रदान गर्नुका साथै उनीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- कृषि पेशालाई सम्मानजनक पेशाको रूपमा विकास गर्नुका साथै ग्रामीण युवा शक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्ने गरी उत्कृष्ट कृषकहरूलाई सम्मान/पुरस्कृत गर्ने व्यवस्था गर्ने ।
- युवा मैत्री कृषि व्यवसाय सञ्चालन गर्न पूँजिगत अनुदान तथा सहुलियतमा ऋण उपलब्ध गराई कृषि उद्यम सञ्चालनको लागि आवश्यक उद्यम विकास र सीपमूलक तालिम दिन प्राथमिकता दिने ।
- स्वदेशमै वर्णसंकर बीउ (Hybrid Seed) उत्पादन अनुसन्धानका कार्यक्रमलाई प्राथमिकता दिने ।
- कृषि क्षेत्रको विकास, अनुसन्धान, प्रसार र गुणस्तर परीक्षणमा संलग्न निकायहरूको सहकार्यमा प्राविधिक, कृषक/कृषि उद्यमी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न जोड दिने ।
- राष्ट्रिय आवश्यकता अनुसार आधारभूत, व्यवहारिक र अनुसरणीय अध्ययन अनुसन्धानलाई प्राथमिकता प्रदान गरी कृषि शिक्षामा सम्बन्धित अध्ययन संस्थानहरूसँगको सहकार्यलाई वृद्धि गर्ने ।
- प्रत्येक गा.वि.स.मा कम्तीमा एक एक जना कृषि प्राविधिकको साथै एक एक जना ग्रामिण कृषि कार्यकर्ताको परिचालन गराउने नीति लिई कृषि प्रसारलाई प्रभावकारी बनाउने ।
- कृषि अनुसन्धानबाट प्राप्त नतिजालाई प्रसारसँग आबद्ध गर्नुका साथै उत्पादन, भण्डारण, गुणस्तर नियन्त्रण बजारीकरणलाई एकिकृत गरी समन्वयात्मक रूपमा कार्यक्रम संचालन गर्न जोड दिने ।
- कृषि अनुसन्धान कार्यक्रमहरूलाई विश्व व्यापार संगठन एवं क्षेत्रीय स्तरका व्यापार सम्झौताहरूबाट प्राप्त अवसरको अधिकतम लाभ लिनेतर्फ उन्मुख गर्दै लैजाने ।

- कृषि अनुसन्धानका विषयहरूको छनौट, कार्यान्वयन तथा मूल्याङ्कन सम्बन्धी निर्णय प्रक्रियामा विपन्न तथा महिला कृषकहरूको पहुँच सुनिश्चित गर्ने ।
- कृषकहरूलाई कृषिसँग सम्बन्धित सम्पूर्ण सेवाहरू प्रभावकारी रूपमा स्थानीय स्तरमा नै उपलब्ध गराइनेछ । कृषि सम्बन्धी कार्यक्रममा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र- सरकारी संघ/संस्था, स्थानीय निकायहरूको आपसी समन्वय एवं सहकार्यलाई प्रभावकारी बनाउने ।
- कृषि क्षेत्रलाई व्यवसायिकरण गर्न/गराउन सार्वजनिक, नीजि तथा सहकारी क्षेत्रको साझेदारीमा कार्यक्रम सञ्चालनमा जोड दिने ।
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार कृषि क्षेत्रको लागि निर्धारित बजेट विनियोजन तथा कार्यान्वयन सम्बन्धी कार्ययोजना तयार गर्ने ।
- योजना तर्जुमा र तथ्याङ्कको विश्लेषणमा आधुनिक सूचना प्रविधिको प्रयोगमा जोड दिने ।
- प्रविधिको प्रयोगबाट सञ्जाल निर्माण गरी तथ्यमा आधारित कार्यक्रम तर्जुमा र अनुगमन तथा मूल्याङ्कनलाई अद्यावधिक र प्रभावकारी बनाउने ।
- Integrated Phase Classification (IPC) को आधारमा नियमित रूपमा तात्कालिक तथा दीर्घकालिन (Acute and chronic) खाद्य असुरक्षाको स्थितिको अनुगमन तथा विश्लेषणका माध्यमबाट खाद्य असुरक्षित समुदाय तथा क्षेत्र पहिचान गरी सोको जानकारी योजना तर्जुमा तथा कार्यान्वयनका लागि उपलब्ध गराइने व्यवस्थालाई सुदृढ गर्ने ।
- स्वदेशमा पाइने जडिबुटिबाट बोट/बिरूवाहरूको उपचार गर्ने प्रविधि विकास गरि प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्दै विदेशबाट आउने औषधीको प्रतिस्थापनमा सहयोग पुर्‍याउने ।
- कृषि अनुसन्धान परिषद् र मातहतका अनुसन्धान केन्द्रहरूबाट सिफारिस भएका नतिजाका आधारमा स्थानिय स्तरमा कृषि प्रसारका कार्यक्रमहरू समन्वयात्मक रूपमा संचालन गर्ने । ।
- विशेष परियोजना तथा अभियानमुखी कार्यक्रमहरू कृषि अनुसन्धान, प्रसार र शिक्षण संस्थाको समन्वयमा संचालन गर्ने ।

**ख) कृषि तथा पशुपन्छी विकास मन्त्रालयको काम, कर्तव्य र अधिकार**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ (२०७५/०४/१० मा संशोधित) बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायनुसार रहेका छन्

- कृषि तथा कृषिजन्य जैविक विविधता र जैविक प्रविधि सम्बन्धि नीति, कानुन, मापदण्ड र नियमन;
- खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता, खाद्यपदार्थको गुणस्तर तथा खाद्य स्वच्छता सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन;
- कृषि तथा पशुपन्छीजन्य औषधी, सुक्ष्मतत्व र जैविक विषादीको उपयोग र व्यवस्थापनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
- खाद्य क्वारेन्टाइन, पशु तथा वनस्पतिजन्य क्वारेन्टाइनसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यन्वयन र नियमन;
- विषादीको स्तरीकरण, सूचना सङ्कलन, वर्गीकरण, सूचना प्रवाह र नियमन;

- कृषिसम्बन्धी अन्तर्राष्ट्रिय व्यापार सहजीकरण;
- कृषि तथ्यांक प्रणाली, अनुसन्धान, स्रोत संरक्षण, विकास र विस्तार;
- कृषि तथा खाद्यसम्बन्धी अन्तर्राष्ट्रिय प्रत्यायन, प्रमाणीकरण, प्रयोगशाला विकास र व्यवस्थापन;
- रासायनिक तथा जैविक मल उत्पादन, आयात तथा प्रयोगसम्बन्धी नीति, कानून, मापदण्ड, गुणस्तर निर्धारण, समन्वय र नियमन;
- कृषि, मत्स्य तथा पशुपन्छीजन्य महामारी नियन्त्रण;
- कृषि औद्योगिकिकरण, मत्स्य, पशुपन्छी उद्योग व्यवसायको अन्तर प्रादेशिक विकास, प्रवर्द्धन र समन्वय;
- बीउविजन एवं नश्ल सम्बन्धी राष्ट्रिय गुणस्तर निर्धारण र नियमन;
- अन्तरदेशिय चरन तथा खर्कसम्बन्धी नीति, कानुन र नियमन;
- पशुपन्छीजन्य औषधी र दानाको नीति, कानुन, मापदण्ड, गुणस्तर निर्धारण, आयात अनुमति र नियमन;
- पशुचिकित्सासम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र व्यवस्थापन;
- पशुचिकित्सकको दर्ता, अनुमति, नविकरण, खारेजी र नियमन;
- दुग्ध र दुग्ध पदार्थबाट बनेका वस्तुहरुको अनुसन्धान र विकास;
- मासु तथा मासुजन्य पदार्थ र पशु छाला तथा अन्य पदार्थसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन;
- कृषि तथा पशुपन्छी विमासम्बन्धी नीति र मापदण्ड;
- पशुसेवासम्बन्धी प्रयोगशालाको सम्बद्धता;
- राष्ट्रिय किसान आयोग;
- नेपाल कृषि अनुसन्धान परिषद्;
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासंग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय;
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;
- नेपाल कृषि सेवाको सञ्चालन।

**ग) कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा रहेका महाशाखा र ती महाशाखा अन्तर्गतका शाखाहरुको कार्यविवरण (प्रदान गरिने सेवा समेत)**

**१. प्रशासन महाशाखा**

जिम्मेवार अधिकारीः श्री अनिता निरौला, सहसचिव

<u>प्रशासन महाशाखाको कार्यक्षेत्र</u>

- मन्त्रालयको कर्मचारी प्रशासन सम्वन्धी कार्य गर्ने ।
- मन्त्रालयको आन्तरिक व्यवस्थापन सम्वन्धी कार्य गर्ने ।
- मन्त्रालयको जिन्सी व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालयको आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालय र अन्तरगतका निकायहरुको कानूनी तर्जुमा मस्यौदा तथा कानूनी राय, परामर्श दिने ।
- मन्त्रालयस्तरबाटहुनेनिकायहरुका पदाधिकारीहरुको नियुक्ति तथा अवकाश सम्बन्धी कार्यहरु गर्ने ।

- मन्त्रालय अन्तरगतका कार्यालय र निकायहरुको प्रशासनिक कामकारवाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने
- मन्त्रालय अन्तर्गत कृषि सेवा समूह लगायतको सञ्चालन सम्वन्धी कार्य गर्ने
- मन्त्रालय र अन्तर्गत निकायहरुको सुशासन कायम गर्ने ।

**क. <u>कृषि कर्मचारी प्रशासन शाखा</u>**

- संघिय निजामती सेवा ऐन र नियमावली अनुसार कृषि सेवा अन्तर्गतका लाइभष्टक, भेटेरिनरी मत्स्य समूह वाहेकका कर्मचारी प्रशासन सम्बन्धी माग आकृति, नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, विदा, अवकाश र विभागीय कारवाही सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालयबाट सञ्चालन हुने कृषि सेवा अन्तर्गका लाइभष्टक भेटेरिनरी र मत्स्य समूह वाहेकका समूहमा रिक्त रहेका पदहरु वढुवा तथा खुल्लाबाट पदपूर्ति सम्बन्धी कारवाही गर्ने ।
- मन्त्रालय अन्तर्गत कृषि सेवा अन्तर्गतका लाइभष्टक, भेटेरिनरी र मत्स्य समूह वाहेकका कर्मचारीहरुको नियुक्ति, सरुवा, वढुवा, स्वेच्छिक अवकाश, उपदान, निवृत्तिभरण, प्रोत्साहित पुरस्कार, वृत्ति विकास, दण्ड सजाय सम्वन्धी कार्य गर्ने ।
- मन्त्रालय अन्तर्गतको कृषि सेवा अन्तर्गतका लाइभष्टक, भेटेरिनरी र मत्स्य समूह वाहेकका जनशक्ति विवरण अद्यावधिक राख्ने ।
- बढुवा समितिको सचिवालयले कृषि सेवा अन्तर्गतका लाइभष्टक, भेटेरिनरी र मत्स्य समूह वाहेकका सम्पादन गर्ने कार्यमा सहयोग गर्ने ।
- मन्त्रालय अन्तर्गतका साविकको पशुपन्छी मन्त्रालय अन्तर्गत रहेका बोर्ड, संस्थान, समिति, परिषद वाहेकका कर्मचारी प्रशासन सम्बन्धी कार्यको अनुगमन सहयोग समन्वय गर्ने ।
- मन्त्रालय मातहतमा रहेको साविकको पशु पन्छी विकास मन्त्रालय अन्तर्गका रहेका वोर्ड संस्थान समिति परिषद् लगायतको संस्थाहरु वाहेको कार्यविधि निर्देशिका लगायत कर्मचारीहरुको सम्पत्ति विवरणको अभिलेख अद्यावधिक गर्ने साथै सम्पत्ति व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।
- कृषि सेवा अन्तर्गतका लाइभष्टक भेटेरिनरी र मत्स्य समूह वाहेकका कार्य सम्पादन मूल्यांकन सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने ।
- कृषि सेवा अन्तर्गतका लाइभ्ष्टक, भेटेरिनरी र मत्स्य समूह वाहेकका स्वदेशी तथा वैदेशिक अध्ययन तथा सात दिन भन्दा बढि अवधिको तालिम सम्बन्धी मनोनयन लगायतका सम्पूर्ण कार्यहरु गर्ने
- कृषि सेवा अन्तर्गतका लाइभ्ष्टक, भेटेरिनरी र मत्स्य समूह वाहेकका कर्मचारीहरुको पासपोर्ट तथा भिसाका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने ।
- कृषि सेवा अन्तर्गतका लाइभ्ष्टक, भेटेरिनरी र मत्स्य समूह वाहेकका आयोजनाहरुको दरवन्दी सृजना, जनशक्ति व्यवस्थापन लगायत प्रशासनिक कामकारवाही सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने ।
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५ बमोजिम कृषि सेवा अन्तर्गत लाइभष्टक भेटेरिनरी र मत्स्य समूह वाहेकका वैदेशिक भ्रमण, तालिम मनोनयन सिफारिस समितिको सचिवालयको कार्य गर्ने ।
- कृषि सेवा अन्तर्गतका लाइभष्टक, भेटेरिनरी र मत्स्य समूह वाहेकका प्रशासनिक राय परामर्श सम्बन्धी कार्य गर्ने र यस विषयमा मन्त्रिपरिषदमा प्रस्तावहरु पेश गर्ने ।

**ख. <u>आन्तरिक प्रशासन (पशुपन्छी कर्मचारी प्रशासन समेत) शाखा</u>**

- मन्त्रालयमा कार्यरत निजामती कर्मचारीहरुको अभिलेख राख्ने ।
- वजेटको परिधिभित्र रही आर्थिक प्रशासन ऐन, नियमअनुसार निर्माण, मर्मत, खरीद, जग्गा अधिग्रहण, लिलाम तथा मिन्हा गर्ने ।
- मन्त्रालयको दैनिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने ।
- मन्त्रालयको सुपरीवेक्षण, सोधपुछ, जनसम्पर्क र सुरक्षाको व्यवस्था गर्ने ।
- मन्त्रालय र साविकको पशुपन्छी विकास मन्त्रालय मातहत रहेका वोर्ड संस्थान, परिषद् लगायतको संस्थाहरुको कार्यविधि निर्देशिका लागयत कर्मचारीहरुको सम्पत्ति विवरणको अभिलेख अद्यावधिक गर्ने साथै सम्पत्ति व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त र भ्रष्टाचार नियन्त्रण एवं उजुरी, गुनासो सम्बन्धी कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय सर्तकता केन्द्रबाट प्राप्त गुनासाहरु फछ्र्यौट गर्ने ।
- मन्त्रालयमा आवश्यक सामग्री खरिद, वितरण लगायतका कार्य गर्ने ।
- मन्त्रालयको सवारी साधन व्यवस्थापन र परिचालन सम्वन्धी कार्य गर्ने
- मन्त्रालयको जिन्सी व्यवस्थापन सुरक्षा व्यवस्था सम्वन्धी कार्य
- मन्त्रालयमा प्राप्त चिठ्ठी पत्रहरुको अभिलेख सम्वन्धी कार्य
- मन्त्रालयको सरसफाई तथा वगैचा व्यवस्थापन सम्वन्धी कार्य
- संघिय निजामती सेवा ऐन र नियमावली अनुसार कृषि सेवा अन्तर्गतका लाइभष्टक, भेटेरिनरी मत्स्य समूहका कर्मचारी प्रशासन सम्बन्धी माग आकृति, नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, विदा, अवकाश र विभागीय कारवाही सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालयबाट सञ्चालन हुने कृषि सेवा कृषि सेवा अन्तर्गतका लाइभष्टक, भेटेरिनरी मत्स्य समूहमा रिक्त रहेका पदहरु वढुवा तथा खुल्लाबाट पदपूर्ति सम्बन्धी कारवाही गर्ने ।
- मन्त्रालय अन्तर्गत कृषि सेवा अन्तर्गतका लाइभष्टक, भेटेरिनरी र मत्स्य समूहका कर्मचारीहरुको नियुक्ति, सरुवा, वढुवा, स्वेच्छिक अवकाश, उपदान, निवृत्तिभरण, प्रोत्साहित पुरस्कार, वृत्ति विकास, दण्ड सजाय सम्वन्धी कार्य गर्ने ।
- मन्त्रालय अन्तर्गतको जनशक्ति विवरण अद्यावधिक राख्ने ।
- बढुवा समितिको सचिवालयले कृषि सेवा अन्तर्गतका लाइभष्टक, भेटेरिनरी मत्स्य समूहका सम्पादन गर्ने कार्यमा सहयोग गर्ने ।
- मन्त्रालय अन्तर्गतका साविकको पशुपन्छी मन्त्रालय अन्तर्गत रहेका बोर्ड, संस्थान, समिति, परिषदका कर्मचारी प्रशासन सम्बन्धी कार्यको अनुगमन सहयोग समन्वय गर्ने ।
- कृषि सेवा अन्तर्गतका लाइभष्टक, भेटेरिनरी र मत्स्य समूह वाहेकका कार्य सम्पादन मूल्यांकन सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने ।
- कृषि सेवा अन्तर्गतका लाइभष्टक, भेटेरिनरी र मत्स्य समूहका आयोजनाहरुको दरवन्दी सृजना, जनशक्ति व्यवस्थापन लगायत प्रशासनिक कामकारवाही सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने ।

- कृषि सेवा अन्तर्गतका लाइभष्टक, भेटेरिनरी र मत्स्य समूहका प्रशासनिक राय परामर्श सम्बन्धी कार्य गर्ने र यस विषयमा मन्त्रिपरिषदमा प्रस्तावहरु पेश गर्ने ।
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५ बमोजिम कृषि सेवा अन्तर्गत लाइभष्टक भेटेरिनरी र मत्स्य समूहको वैदेशिक भ्रमण, तालिम मनोनयन सिफारिस समितिको सचिवालयको कार्य गर्ने ।

**ग.कानुन तथा फैसला कार्यान्वयन शाखा**

- कानूनी राय प्रदान गर्ने ।
- ऐन नियम, विनियम जस्ता कानूनहरुको मस्यौदा गर्ने ।
- नेपाल राजपत्रको सूचना प्रकासन सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालय विपक्षी भएको मुद्दा मामिलामा प्रतिरक्षा गर्ने ।
- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा राय माग गर्ने ।
- सम्बन्धित न्यायालयबाट मन्त्रालय सम्बन्धी भएका मुद्दा फैसला कार्यान्वयनको कार्यवाही गर्ने ।
- मन्त्रालय मातहतका वोर्ड, संस्थान, समिति, परिषदको विनियमवली, कर्मचारी प्रशासन शाखा र आर्थिक प्रशासन शाखासँगको समन्वयमा तर्जुमा गर्ने ।

**घ. आर्थिक प्रशासन शाखा**

- साधारणतर्फको बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- बजेट निकासा गराउने र नियमित आर्थिक कारोवार सन्चालन गर्ने ।
- लेखापरीक्षण तथा बेरुजू फछ्यौट सम्वन्धी कार्य गर्ने गराउने ।
- मन्त्रालय मातहतको लेखा सम्वन्धी कामको नियमित अनुगमन, मूल्याङ्कन व्यवस्था मिलाई उपयुक्त कारवाही गर्ने ।
- आर्थिक प्रशासन सम्वन्धी अन्य काम गर्ने ।
- नि.से.ऐन तथा नि.से.नि. अनुसार औषधी उपचार सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने ।

**२. पशुपन्छी तथा मत्स्य विकास महाशाखा**

जिम्मेवार अधिकारीः श्री बैकुण्ठ अधिकारी, सहसचिव

- पशुपन्छी तथा मत्स्य नश्ल सुधार सम्बन्धि राष्ट्रिय मापदण्ड तर्जुमा र गुणस्तर निर्धारण
- पशु अनुबांशिक श्रोत व्यवस्थापन सम्वन्धि मापदण्ड निर्माण तथा नियमन
- अन्तरदेशीय र अन्तरप्रादेशिक चरन तथा खर्क सम्बन्धी राष्ट्रिय गुणस्तर निर्धारण तथा नियमन
- पशुपन्छी तथा माछाको दानासुक्ष्म पोषणतत्व तथा उत्पादन सामग्रीको राष्ट्रिय गुणस्तर निर्धारण तथा , नियमन
- दुग्ध र दुग्ध पदार्थबाट बनेको वस्तुहरुको अध्ययन तथा विकास
- पशुजन्य उत्पादन दुध, मासु अण्डाको छाला लगायत सम्बन्धी मापदण्ड तर्जुमा
- उन कार्पेट पश्मिना लगायतका उत्पादन विकास र प्रवर्द्धनको मापदण्ड निर्धारण
- पशुपन्छी तथा मत्स्यसंग सम्बन्धी जैविकी विविधता संरक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा

- पशु अनुवांशिक श्रोत लगायत असल उत्पादन अभ्यास सम्बन्धित क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संसथासंग समन्वय
- पशु उत्पादन तथा वजारीकरणमा पशु कल्याण सुनिश्चित गर्न आवश्यक कार्य
- असल पशुपालन अभ्यास सम्वन्धी राष्ट्रिय मापदण्ड तर्जुमा र कार्यान्वयन
- घांसको विउको गुणस्तर सम्वन्धी राष्ट्रिय नीति मापदण्ड तर्जुमा, नियमन तथा प्रमाणिकरण

**क. नश्ल सुधार तथा अनुवंशिक श्रोत व्यवस्थापन शाखा**

- पशुपन्छी नश्ल सुधार सम्बन्धि राष्ट्रिय मापदण्ड तर्जुमा र गुणस्तर निर्धारण
- पशु अनुबांशिक श्रोत व्यवस्थापन, मापदण्ड, नियमन तयारी
- पशुपन्छी तथा मत्स्य सम्बन्धी जैविकी विविधता संरक्षण सम्बन्धि राष्ट्रिय मापदण्ड तर्जुमा
- न्युक्लियस हर्ड व्यवस्थापन
- असल उत्पादन अभ्यास सम्बन्धित क्षेत्रमा कार्यरत संघसंस्थासँग समन्वय ,
- अन्तरप्रदेश पशु अनुवांशिक श्रोत केन्द्र स्थापना व्यवस्थापन
- उच्च प्रजनन् मानका पशुहरु उत्पादन छनौट आपूर्ति व्यवस्थापन
- तरल नाइट्रोजन, जमेको वीर्य तथा भ्रुणको गुणस्तर निर्धारण
- Semen Bank and Gene Bankसुदृढीकरण सम्वन्धी कार्यक्रमको समन्वय

**ख. पशुपन्छीजन्य उत्पादन प्रवर्द्धन शाखा**

- दुग्ध र दुग्ध पदार्थबाट बनेको वस्तुहरुको अध्ययन तथा विकास
- पशुजन्य उत्पादन छाला लगायत सम्बन्धी मापदण्ड तर्जुमा
- फुल पस्मिना कार्पेट लगायतका उत्पादन विकास र प्रवर्द्धन
- पशु उत्पादन तथा वजारीकरणमा पशु कल्याण सुनिश्चित गर्न आवश्यक कार्य गर्ने
- असल पशुपालन अभ्यास सम्वन्धी राष्ट्रिय मापदण्ड तर्जुमा र कार्यान्वयन
- निर्यातयोग्य पशुजन्य उत्पादनको गुणस्तर स्तरीकरण
- पशुपन्छीजन्य पदार्थ र उत्पादन सामाग्रीको गुणस्तर विश्लेषण निर्धारण व्यवस्थापन र नियमन
- पशुपन्छी सम्बन्धी नविनतम प्रविधीहरुको पहिचान, छनौट तथा परीक्षण सम्बन्धमा समन्व्य तथा सहकार्य
- पशुपन्छी सम्बन्धी परम्परागत ज्ञान,सिप, अभ्यास, प्रविधिको राष्ट्रियस्तरमा अभिलेखीकरण तथा प्रबर्द्धन
- विश्वविद्यालय, तालिम प्रदायक संस्था तथा अन्य निकायहरुसंग प्रविधि विकास सम्बन्धी सहकार्य, तथा समन्वय

ग. **चरन तथा आहारा व्यवस्थापन शाखा**

- अन्तरदेशीय चरन खर्क उपभोग तथा व्यवस्थापन सम्बन्धी समन्वय
- अन्तरप्रादेशिक चरन तथा खर्क सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण
- पशुपन्छी तथामाछाको दानसुक्ष्म पोषणतत्व तथा उत्पादन सामग्रीको राष्ट्रिय गुणस्तर निर्धारण
- घाँसेवालीको अनुवांशिक श्रोत संरक्षणको राष्ट्रिय रणनीति तर्जुमा
- घांसको विउको गुणस्तर सम्वन्धी राष्ट्रिय मापदण्ड तर्जुम नियीन तथा प्रमाणीकरण
- चरन विउ तथा कृषि वन प्रविधिको पहिचान, प्राथमिकरण तथा समन्वय

- घाँसेवाली तथा पशु आहारा सम्वन्धी परम्परागत ज्ञान,सिप, अभ्यास, प्रविधिको राष्ट्रियस्तरमा अभिलेखिकरण तथा प्रबर्द्धन

घ. **<u>मत्स्य विकास शाखा</u>**

- प्राकृतिक जलाशयहरु (पोखरी, नदीनाला, ताल तलैया एवं घोल तथा सिम) मा मत्स्य पालन सम्भाव्यता अध्ययन र सर्वेक्षण सम्बन्धी कानून, मापदण्ड र नियमन कार्य
- प्राकृतिक जलाशयमा जलीय जैविक विविधता कायम राख्दै प्राकृतिक उत्पादन वृद्धि गर्न आवश्यक कानून मापदण्ड र नियमन सम्बन्धी कार्य
- प्राकृतिक जलाशयबाट प्राप्त हुने माछा तथा जलीय जीवजन्य उत्पादनमा आश्रित समुदायको सामाजिकर आर्थिक पक्षको अध्ययन गरी रोजगारी व्यवस्थापन सम्बन्धी कानून, मापदण्ड र नियमन कार्य
- प्राकृतिक जलाशयहरुको संरक्षण एवं उपयोग सम्बन्धी कानून मापदण्ड र नियमन कार्य
- माछा तथा जलीय जीव पालन प्रवर्द्धन कानून मापदण्ड र नियमन सम्वन्धी कार्य
- माछा तथा जलीय जीव पालनको नवीनतम प्रविधिहरुको मापदण्ड र विस्तार सम्वन्धी कार्य
- मत्स्य विज आपूर्ति, गुणस्तर, मापदण्ड र नियमन सम्वन्धी कार्य
- माछा तथा जलीय जीवजन्य उत्पादनको पोष्टहार्भेष्ट तथा बजार सम्बन्धी मापदण्ड र नियमन कार्य

**३. पशु स्वास्थ्य महाशाखा**

जिम्मेवार अधिकारीः श्री विजयचन्द्र झा, सहसचिव

- पशु चिकित्सा सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण र व्यवस्थापन
- पशु चिकित्सा सेवाको गुणस्तर निर्धारण तथा नियमन
- पशुपन्छी तथा पशु स्वास्थ्य सम्बन्धि प्रचलित ऐन, कानूनको कार्यान्वयन
- पशुपन्छीजन्य औषधि, जैविक पदार्थ, खाद्य राष्ट्रिय मापदण्ड निर्धारण तथा गुण नियमन, जोखिम विश्लेषण तथा औषधी निगरानी (फर्माको भिजिलेन्स)
- महामारी तथा सीमा विहीन रोग नियन्त्रण, अन्वेषण, इपिडेमियोलोजी सम्बन्धि (वन्यजन्तु समेत) समन्वय तथा नीति, कानून निर्माण र नियमन
- पशु क्वारेन्टाईनसंग सम्बन्धित कार्यहरुमा आवश्यक समन्वय तथा सहकार्य
- पशु स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु कार्यान्वयन
- पशु स्वास्थ्य सम्बन्धि प्रयोगशालाको सम्बन्द्धता र स्तरीकरण सम्वन्धी नीति र मापदण्ड
- भेटेरीनरी जनस्वास्थ्य, जुनोटिक रोग, एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेजिड्यु लगायतका जनस्वास्थ्यका विषयमा एक स्वास्थ्य अवधारणा सम्वन्धी
- राष्ट्रिय भेटेरिनरी गुणस्तर, पशुपन्छीजन्य पदार्थको स्वच्छता, मापदण्ड, नियम, कानून, नीति तर्जुमा र अनुगमन
- पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कानून, ऐन, नियम,निर्देशिका मापदण्ड तर्जुमा र व्यवस्थापन
- पशुस्वास्थ्यसँग सम्बन्धित प्रमाणीकरण सम्बन्धी कार्य गर्ने
- पशुपन्छीजन्य महामारी  नियन्त्रण तथा व्यवस्थापन
- मासु तथा मासुजन्य पदार्थको राष्ट्रिय गुणस्तर निर्धारण तथा नियमन
- पशु स्वास्थ्य संरक्षणका लागि आवश्यक दस्तावेज तर्जुमा र कार्यान्वयन

- राष्ट्रियस्तरमा असल भेटेरिनरी अभ्यास कार्यान्वयन
- पशु स्वास्थसँग सम्बन्धित क्षेत्रमा कार्यरत संघ,संस्थासँग समन्वय
- Emergingतथा Re-emerging diseasesनियन्त्रण सम्बन्धी रणनीति तयार तथा कार्यान्वयन
- पशु स्वास्थ्य सम्बन्धी अनुसन्धान र विकास
- पशु कल्याण सम्बन्धी राष्ट्रिय मापदण्ड समन्वय तर्जुमा र कार्यान्वयन
- पशु रोग तथा अवस्था सम्वन्धी राष्ट्रिय तथ्याक व्यवस्थापन तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रिपोर्टिंग
- मत्स्य स्वास्थ्य तथा माछाजन्य महामारी नियन्त्रण

**क। पशु चिकित्सा तथा रोग नियन्त्रण समन्वय शाखा**

- पशुपन्छी तथा पशु स्वास्थ्य सम्बन्धी प्रचलित ऐन ,कानूनको कार्यान्वयन ,निर्देशिका मापदण्ड तर्जुमा र व्यवस्थापन
- महामारी तथा सीमा विहीन रोग अन्वेषण तथा नियन्त्रण र पशु क्वारेन्टायन सम्वन्धी समन्ववय
- पशु रोग सम्बन्धी इपिडेमियोलोजीकल सर्भिलेन्स अध्ययन ,(वन्यजन्तु समेत)
- Emergingतथा Re-emerging diseasesनियन्त्रण सम्बन्धि रणनीति तयार तथा कार्यान्वयन
- पशु रोग सम्बन्धी राष्ट्रिय तथ्यांक अभिलेखीकरण तथा विश्लेषण
- पशु रोग सम्बन्धी रार्ष्ट्रिय तथा अन्तर्राष्ट्रिय रिपोर्टिंग
- महामारी तथा सीमाविहिन रोग नियन्त्रणका लागि Zoning and Compartmentalization
- पशु चिकित्सा सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण र व्यवस्थापन
- पशु सेवा सम्बन्धी प्रयोगशालाको सम्बद्धतामापदण्ड/स्तरीकरण सम्वन्धी नीति/
- पशु चिकित्सा सेवाको गुणस्तर निर्धारण तथा नियमन
- विश्व पशु स्वास्थ्य संगठन लगायतका निकायसंग सहकार्य तथा समन्वय
- पशु स्वास्थ्य संरक्षणका लागि आवश्यक दस्तावेज तर्जुमा र कार्यान्वयन
- पशु स्वास्थ्य सम्बन्धी अनुसन्धान र विकास

**ख. भेटेरिनरी जनस्वास्थ्य एवं पशु कल्याण शाखा**

- जुनोटिक रोग नियन्त्रणमा अन्य सरोकारवाला निकायसंग समन्वय
- पशु तथा पशुजन्य पदार्थमा ड्रग रेसिड्यु नियन्त्रण तथा नियमन
- भेटेरीनरी जनस्वास्थ्य ड्रग रेसिड्यु लगायतका ,एन्टिबायोटिक रेसिस्टेन्स ,विषयहरुमा राष्ट्रिय मापदण्ड नियमन नियन्त्रण
- एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेसिड् युलगायतका विषयहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रिपोर्टिङ
- एक स्वास्थ्य अवधारणाको राष्ट्रिय मापदण्ड तथा सूचक निर्धारण तथा आवश्यक समन्वय
- मासु तथा मासुजन्य पदार्थको राष्ट्रिय गुणस्तर निर्धारण तथा नियमन
- भेटेरिनरी जनस्वास्थ्य सम्बन्धी अनुसन्धान र विकास
- जुनोटिक रोग सम्बन्धी सर्भिलेन्सअध्ययन तथा समन्वय
- जनस्वास्थ्य संरक्षणका लागि आवश्यक दस्तावेज तर्जुमा र कार्यान्वयन

- पशु कल्याण सम्बन्धी राष्ट्रिय मापदण्ड लगायत तर्जुमा र कार्यान्वयन

**ग. पशुपन्छी औषधी व्यवस्थापन तथा नियमन शाखा**

- पशुपन्छीजन्य औषधीको राष्ट्रिय मापदण्ड निर्धारण
- जैविक पदार्थ लगायतको राष्ट्रिय मापदण्ड निर्धारण तथा गुण नियमन
- जोखिम विश्लेषण तथा औषधी निगरानी फर्माकोभिजिलेन्स)
- राष्ट्रिय भेटेरिनरी गुणस्तर निर्धारण
- पशुपन्छीजन्य पदार्थको स्वच्छता, मापदण्ड तर्जुमा र अनुगमनमा आवश्यक सहकार्य एवं समन्वय
- पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कानून, ऐनमा सहकार्य र व्यवस्थापन
- भेटेरिनरी औषधि,जैविकीको आयात  निर्यात सिफारिश माग आपूर्ति व्यवस्थापन
- राष्ट्रियस्तरमा असल भेटेरिनरी अभ्यास कार्यान्वयन
- भेटेरिनरी औषधीको गुणस्तर परीक्षणको मापदण्ड निर्धारण
- पशुपन्छीमा प्रयोग हुने खोपको गुणस्तर परीक्षणको मापदण्ड निर्धारण

**४. <u>कृषि विकास महाशाखाको कार्य विवरण</u>**

- रासायनिक तथा जैविक मल उत्पादन तथा आयात मापदण्ड, गुणस्तर निर्धारण तथा नियमन सम्वन्धी कार्य।
- स्वेदश भित्र वीउ, विजन आपूर्ति गुणस्तर र मापदण्ड सम्वन्धी कार्य
- आधुनिक कृषि औजार आपूर्ति प्रयोग, वितरण सम्वन्धी मापदण्ड तर्जुमा तथा विस्तारमा प्रदेशिक समन्वय सम्वन्धी कार्य
- कृषि सामग्री अनुदान नीति मापदण्ड तथा वितरणको समुचित व्यवस्थापन सम्वन्धी कार्य
- खाद्यान्न, नगदेवावाली, फलफूल तरकारी, रेशम वालीको प्रवर्द्धन सम्वन्धी केन्द्रीय कानून, मापदण्ड, नियमन सम्वन्धी कार्य
- उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि कृषि समूह, सहकारी, निजी उद्यमीलाई प्रोत्साहन सम्वन्धी कार्य
- माटोको गुणस्त्तरीयता कायम गर्न माटो व्यवस्थापन सम्वन्धी राष्ट्रिय मापदण्ड
- कृषि अनुसन्धान, शिक्षा र प्रसार सम्वन्धी राष्ट्रिय मापदण्ड तर्जुमा समन्वय र विस्तार सम्वन्धी कार्य
- आधुनिक कृषि प्रविधिको प्रयोग, अवलम्वन परिमार्जन र समन्वय सम्वन्धी कार्य
- श्रोत केन्द्रहरुको संरक्षण, विकास र प्रवर्द्धन सम्वन्धी कार्य
- कृषक क्षमता विकास सम्वन्धी मापदण्ड सहयोग र समन्वय सम्वन्धी कार्य

**क. <u>कृषि सामग्री व्यवस्थापन तथा प्रविधि शाखा</u>**

- रासायनिक तथा जौविक मल उत्पादन तथा आयात प्रयोग सम्वन्धी मापदण्ड तर्जुमा गुणस्तर नियम सम्वन्धी कार्य
- वीउ विजन आपूर्ति, व्यवस्थापन,गुणस्तर र मापदण्ड सो को अनुगमन तथा नियमन सम्वन्धि कार्य
- कृषि औजार उत्पादन तथा प्रयोग सम्वन्धी मापदण्ड तर्जुमा तथा नयमन सम्वन्धी कार्य
- कृषि सामग्री आपूर्तिको प्रक्षेपण, विश्लेषण, अनुगमन र समन्वय सम्वन्धी कार्य
- कृषि सामग्रीमा प्रदान गरिने केन्द्रीय अनुदान सम्वन्धी कार्य

- मल आयात अनुमति तथा मल आयातकर्ताको अनुमति सम्वन्धी कार्य
- एकीकृत कृषि अनुसन्धान शिक्षा र प्रसारको व्यवस्था, मापदण्ड र नियमन सम्वन्धी कार्य
- आधुनिक तथा नविनत्तम प्रविधिहरुको मापदण्ड, नियमन र विस्तार सम्वन्धी कार्य
- कृषि अनुसन्धान, शिक्षा र प्रसार कार्यमा संलग्न सरकारी तथा गैर सरकारी निकायवीच समन्वय कार्य

**ख. कृषि उत्पादकत्व व्यवस्थापन शाखा**

- खाद्यान्न, बाली विकास तथा प्रवर्द्धन र नियमन सम्वन्धी कार्य
- मह, च्याउ, रेशम बालीको विकास तथा प्रवर्द्धन र नियमन सम्वन्धी कार्य
- नगदे वाली औद्योगिक वालीको विकास तथा प्रवर्द्धन र नियमन सम्वन्धी कार्य
- तरकारी फलफूल वालीको विकास तथा प्रवर्द्धन र नियमन सम्वन्धी कार्य
- उत्पादन वृद्धिको लागि व्यवसायिक कृषक तथा कृषक समूह एवं सहकारीसंग समन्वय
- जमीन र श्रमको उत्पादकत्व बृद्धि सम्वन्धी कार्य

**ग. कृषि विकास रणनीति समन्वय शाखा**

- वाली संरक्षण प्रविधि सम्वन्धी कानून र मापदण्ड तर्जुमा गर्ने
- माटो व्यवस्थापन सम्वन्धी कानून र मापदण्ड तर्जुमा गर्ने
- कृषि प्रसार सेवाको गुणस्तर, मापदण्ड र नियमन सम्वन्धी कार्य
- कृषि प्रसार सेवा प्रदायकको पहिचान, प्रवर्द्धन र नियमन सम्वन्धी कार्य
- कर सुविधा मार्फत कृषिमा नवप्रवर्तन प्रवर्द्धन सम्वन्धी कार्य
- भण्डारण, ढुवानी तथा सन्चालन, बजारीकरण सम्वन्धी केन्द्रीय मापदण्ड गुणस्तर निर्धारण र सेवामूलक कार्यहरुको नियमन

**५. खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा**

जिम्मेवार अधिकारीः डा. हरि बहादुर के.सि., सहसचिव

- कृषि तथा कृषि जन्य जैविक विविधता र जैविक प्रविधि सम्वन्धी कानून, मापदण्ड तर्जुमा तथा नियमन सम्वन्धी कार्य
- खाद्य सुरक्षा र खाद्य सम्प्रभूताका लागि मापदण्ड तर्जुमा गरी सो को नियमन
- वनस्पति तथा प्राणीजन्य खाद्य पदार्थमा गुणस्तर कायम गर्न आवश्यक मापदण्ड, कानून तर्जुमा तथा कार्यान्वयन
- विषादीको स्तरीकरण, सूचना संकलन वर्गीकरण र नियमन सम्वन्धी कार्य गर्ने
- कृषि तथा खाद्य सम्वन्धी अन्तर्राष्ट्रिय प्रत्यायान, प्रमाणीकरण, प्रयोगशालाको विकास सम्वन्धी मापदण्ड तर्जुमा र निमयन सम्वन्धी
- खाद्य सुरक्षा विश्लेषण, अनुगमन तथा प्रक्षेपण सम्वन्धी कार्य
- प्राङ्गारिक कृषिलाइ प्रोत्साहन गर्ने मापदण्ड, कानून तर्जुमा र नियमन
- असल कृषि अभ्यास **(GAP)** र एकिकृत शत्रुजीव व्यवस्थापन (IPM) लाई प्रवर्द्धन गर्न आवश्यक कानून, मापदण्ड तर्जुमा तथा नियमन सम्वन्धी

क. <u>खाद्य तथा पोषण सुरक्षा शाखा</u>

- राष्ट्रिय खाद्य सुरक्षा कार्यक्रम तर्जुमा मापदण्ड कानून र नियमन सम्वन्धी कार्य
- लोपोन्मुख र स्थानीय एवं रैथाने बाली एवं कन्दमूल प्रवर्द्धन सम्वन्धी कार्य
- खाद्य सुरक्षा विश्लेषण, अनुगमन तथा प्रक्षेपण सम्वन्धी कार्य
- खाद्य सुरक्षा कायम गर्न आवश्यक कानून मापदण्ड तर्जुमा र नियमन
- खाद्यान्न जगेडा भण्डार व्यवस्थापनमा सम्वन्वय

<u>ख. खाद्य प्रविधि एव स्वच्छता शाखा</u>

- खाद्य प्रविधि सम्वन्धी अनुसन्धान र विकासमा समन्वय
- खाद्य वस्तु गुणस्तर मापदण्ड र नियमन सम्वन्धी कार्य
- खाद्य प्रयोगशालाको मापदण्ड र नियमन सम्वन्धी कार्य

<u>ग. कृषि जैविक विविधता तथा वातावरण शाखा</u>

- जैविक विविधता र जैविक प्रविधि सम्वन्धी कानुन मापदण्ड र नियमन
- प्राङ्गारिक कृषि सम्वन्धी कानून मापदण्ड र नियमन
- संरक्षण कृषि, स्रोत संरक्षण प्रविधि एवं असल कृषि अध्ययन सम्वन्धी कानून मापदण्ड र नियमन प्राङ्गारिक नेपाल कृषि GAP, IPM, IPNS दिगो भू-व्यवस्थापन जस्ता दिगो कृषि विकासका पद्धतिहरुको प्रवर्द्धन सम्बन्धी आवश्यक कार्य गर्ने ।
- कृषि वातावरण समिति र प्राङ्गारिक कृषि उत्पादन र प्रशोधन प्रणाली राष्ट्रिय समन्वय समितिको बैठक सञ्चालन
- प्राङ्गारिक प्रमाणीकरण कार्यान्वयन कार्यविधि तथा मार्गदर्शन तयारी सम्बन्धी कार्य गर्ने ।
- कृषि पशु पन्छी तथा वातावरण सम्बन्धी EIA र IEE सम्वन्धी
- विषादी व्यवस्थापन र वातावरण सम्बन्धी आयोजना तथा अन्तराष्ट्रिय महासन्धि/अभिसन्धिहरुको कार्यान्वयन तथा समन्वयका लागि मन्त्रालयको सम्पर्क विन्दु (Focal Point) को रुपमा कार्य गर्ने ।
- कृषि एवं पशुपन्छी सम्वद्ध क्षेत्रहरुमा प्रयोग हुने सामानहरुको व्यवस्थापनसँग सम्बन्धित कार्य ।
- Agriculture & Environment Journal र अन्य प्रकाशन सम्वन्धी
- कृषि क्षेत्रमा जलवायु परिवर्तन असर न्यूनीकरण तथा अनुकूलन कार्य सम्वन्धी कानून, मापदण्ड र नियमन
- जलवायु परिवर्तनका कृषि क्षेत्रमा असरबारे अध्ययन, अनुसन्धानको व्यवस्था
- कृषि वातावरण संरक्षण र सम्वर्द्ध सम्वन्धी कानून मापदण्ड र नियमन

६ <u>कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा</u>

जिम्मेवार अधिकारीः श्री सवनम शिवाकोटी, सहसचिव

- क्वारेन्टाइन सम्वन्धी कानून, मापदण्ड तर्जुमा र कार्यान्वयनमा सहयोग र समन्वय सम्वन्धी कार्य
- कृषि सम्वन्धी अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन सहजीकरण र समन्वय
- कृषि औद्योगीकरण प्रवर्द्धन अन्तर प्रादेशिक विकास र समन्वय
- कृषि तथा पशुपन्छी वीमा सम्वन्धी मापदण्ड, कानून तर्जुमा तथा सो को नियमन र समन्वय सम्वन्धी कार्य

- कृषि वीमा अनुदान व्यवस्थापन सम्वन्धी कार्य
- कृषि कर्जा सम्वन्धी कानून, मापदण्ड र नियमन विश्लेषण सम्वन्धी कार्य
- कृषि व्यवसायको प्रवर्द्धन सम्वन्धी कानून, मापदण्ड निर्धारण
- कृषि तथा पशुपन्छी बजार मापदण्ड निर्धारण, केन्द्रीय तथा प्रादेशिक बजार पूर्वाधारमा सहयोग
- कृषि उपज तथा पशुपंक्षीजन्य वस्तुहरुको मूल्य निर्धारण सम्वन्धी मापदण्ड तर्जुमा र कार्यान्वयन, सहजीकरण तथा समन्वय
- आधुनिक कृषि यान्त्रिकरण सम्वन्धी कानून, मापदण्ड तर्जुमा र नियमन
- कृषि, खाद्य एवं पशु सम्वन्धी प्रत्यायन प्रमाणीकरण, विकास र व्यवस्थापन सम्वन्धी कानून, मापदण्ड र नियमन कार्य
- क्षेत्रीय, अन्तर्राष्ट्रिय कृषि व्यापार सम्वन्धी कार्य
- साना सिचांइ विकास सम्वन्धी मापदण्ड र नियमन कार्य

**क. <u>कृषि कर्जा, विमा तथा विपत व्यवस्थापन शाखा</u>**

- कृषि कर्जा सम्वन्धी कानून मापदण्ड र नियमन सम्वन्धी कार्य
- कृषि कर्जा प्रवर्द्धन तथा विश्लेषण र समन्वय
- कृषि तथा पशुपन्छीको विमा सम्वन्धी कानून मापदण्ड र नियमन सम्वन्धी कार्य
- विपद पूर्व तयारी एवं व्यवस्थापन सम्वन्धी कानून मापदण्ड र नियमन
- राहत व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण एवं परिचालन
- विषदी एवं राहत सम्वन्धी अनुगमन तथा समन्वय
- कृषि क्षेत्रमा सम्भावित विपदको आँकलन, न्यूनिकरण सम्वन्धी पूर्व तयारी सो को मापदण्ड, राहत व्यवस्थापन सम्वन्धी कार्यमा प्रादेशिक समन्वय
- पशुपन्छीजन्य महामारी तथा प्रकोप लगायतका विपद व्यवस्थापन

**ख.<u>कृषि व्यवसाय तथा बजार प्रवर्द्धन शाखा</u>**

- कृषि व्यवसाय प्रवर्द्धन सम्वन्धी कानून, मापदण्ड निर्धारण र नियमन
- कृषि जन्य उद्योग प्रशोधनको अध्ययन विकास र विस्तार
- कृषि तथा पशु पन्छी बजार मापदण्ड निर्धारण र नियमन
- कृषि उपजहरुको मूल्य निर्धारण सम्वन्धी केन्द्रीय मापदण्ड, कानून र नियमन
- व्यवसाय प्रवर्द्धन सहयोग तथा सहुलियत मापदण्ड सहजीकरण र समन्वय
- पशुपन्छी जन्य उद्योग व्यवसायको मापदण्ड कानून र नियमन
- कृषि तथा पशु पन्छीजन्य उत्पादनको संकलन प्रवर्द्धन, भण्डारण नियमन मापदण्ड र कानून
- कृषि बजारको अन्तरप्रादेशिक समन्वय

**ग. <u>कृषि भौगोलिक सूचना प्रविधि शाखा</u>**

- मन्त्रालयको website development, update, management and computer system administration, network management and Software development लगायतको कार्य गर्ने

- कृषि योजना तर्जुमाको लागि संघ, प्रदेश, जिल्ला, नगरपालिका, गाउँपालिका र स्तानीयस्तरको प्राकृतिक श्रोत सम्वन्धी Digital Map तयार तथा उपलब्ध गराउने ।
- आवधिक योजना तथा कृषि नीतिले परिलक्षित गरे बमोजिमका उच्च मूल्य (High Value) का वाली विशेषको पकेट क्षेत्रको पहिचान गरी सबै खालका कृषि योजना तथा कार्यक्रम तर्जुमा कार्यमा सघाउ पुर्याउने ।
- कृषिसंग सम्वन्धित Spatial / Non Spatialतथ्याङ्क अद्यावधिक गर्ने तथा उक्त कार्यमा सरकारी एवं गैर सरकारी संस्थाहरुसंग समन्वय गर्ने ।
- कृषि भौगोलिक सूचना प्रणाली सम्वन्धी तालिम, गोष्ठि तथा सेमिनार संचालन गर्ने र यस प्रणालीलाई समयसापेक्ष विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- दैवी प्रकोप तथा अन्य वातावरणीय प्रकोपबाट भएका क्षति, नोक्शान, रिमोट सेन्सिंग (Remote Sensing)/Global Positioning Systemको माध्यमबाट तथ्यांक संकलन, प्रशोधन गरी अद्यावधिक गर्ने ।
- विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त कृषिसंग सम्वन्धित प्रविधि, अनुसन्धान तथा अन्य जानकारीहरुलाई भू-सूचना प्रणालीको माध्यमबाट प्रवाह गर्ने ।

**घ। <u>कृषि यान्त्रीकरण तथा साना सिचाइ शाखा</u>**

- कृषि यान्त्रिकरण सम्वन्धी कानून मापदण्ड र नियमन सम्वन्धी कार्य
